सूर्यज्योति लाइफको संस्थापक सेयर बिक्रीमा

काठमाडौं, वैशाख २२ । सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संस्थापक समूहको सेयर बिक्री गर्ने भएको छ । कम्पनीका अनुसार एनआईसी एसिया बैंक लिमिटेडको नाउँमा रहेको कम्पनीको सेयर गोप्य शिलबन्दी बोलपत्रमार्फत बिक्री गर्न लागिएको हो । बैंकले सेयर खरिदको लागि वैशाख २१ गतेदेखि बोलपत्र पेश गर्न आह्वान गरेको छ ।

सो अनुसार सूर्यज्योति लाइफको कुल आठ लाख ८७ हजार आठ सय २५ कित्ता संस्थापक सेयर बिक्रीमा राखिएको छ । उक्त सेयरको न्यूनतम मूल्य प्रतिकित्ता एक सय ६५ रुपैयाँ तोकिएको छ । लगानीकर्ताले न्यूनतम पाँच हजार कित्ता र अधिकतम सम्पूर्ण कित्तासम्मका लागि आवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

गोप्य शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति वैशाख २८ गते कार्यालय समयभित्र तोकिएको छ । यसअघि सम्बन्धित कम्पनीले विद्यमान संस्थापकहरूलाई प्राथमिकता दिने गरी ३५ दिने सूचना प्रकाशित गरिसकेकोले यसमा सर्वसाधारणलगायत सबैले बोलपत्र पेश गर्न सकिने बैंकले उल्लेख गरेको छ । बोलपत्र आवेदन फाराम काठमाडौंको थापाथलीस्थित ट्रेड टावर भवनमा रहेको एनआईसी एसिया क्यापिटल लिमिटेडबाट प्राप्त गर्न सकिने कम्पनीको भनाइ छ ।

फरवार्ड माइक्रोफाइनान्सको १३औं वार्षिक साधारणसभा

आर्थिक संवाददाता
काठमाडौं, वैशाख २२

फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको १३औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सुनसरीको दुइवीमा आयोजित साधारणसभाको प्रमुख अतिथी पूर्वमन्त्री भगवती चौधरी रहेकी थिइन् ।

सो अवसरमा बोल्दै लघुवित्तकर्मी समेत रहेकी पूर्वमन्त्री चौधरीले ग्रामीण महिला उत्सुकता विकास मञ्च (फरवार्ड) ले तीन दशकदेखि सुरुवात गरेको लघुवित्त कार्यक्रममा आवद्ध भएका महिला दिदीबहिनीहरूको आर्थिक, सामाजिक तथा राजनैतिक अवस्थामा सकारात्मक परिवर्तन आएको देखिनु नै यस कार्यक्रमको सफलता भएको बताइन् ।

राज्यले कहिल्यै ऋण मिनाहा गर्न नसक्ने भएकाले गलत तत्वका पछि नलाग्न लघुवित्त सदस्यहरूलाई सुझाव दिँदै चौधरीले आफूले लिएको कर्जालाई उत्पादन हुने क्षेत्रमा मात्र लगानी गर्न आग्रह गरिन् । कुनैपनि बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण राज्यले मिनाहा गर्न सक्दैन । ऋण मिनाहा गरिदिन्छु भन्ने तत्वहरूको पछि नलाग्नु होला । बरू आफूले लिएको ऋणको सही सदुपयोग गरी उत्पादनमुलक क्षेत्रमा लगाउनुहोला । चौधरीले भनिन, लघुवित्त क्षेत्रको सुधारका लागि सञ्चालक, कर्मचारी र ग्राहक सदस्य ३ वटै पक्ष इमानदार हुनुपर्ने प्रमुख अतिथि चौधरीको विचार थियो ।

कार्यक्रमका विशिष्ट अतिथी गढी गाउँपालिकाका प्रमुख आशनारायण चौधरीले फरवार्ड लघुवित्त संस्थाले विपन्न परिवारको आर्थिक उन्नतिमा अझ ठूलो भूमिका खेल्न सक्ने धारणा व्यक्त गरेकी थिइन् । सभामा बोल्दै निवर्तमान सञ्चालक आशुतोष शर्मा सापकोटाले आन्तरिक तथा बाह्य कारणबाट लघुवित्त क्षेत्रमा देखापरेको नकारात्मक प्रभाव वित्तीय संस्थाहरूमा धुनौती बढ्दै गएकाले त्यसलाई सामना गर्दै अघि बढ्न आग्रह गरिन् भने, नवनियुक्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद भट्टराईले वित्तीय संस्थाको सबलताका लागि निरन्तर लागि रहने प्रतिबद्धता व्यक्त गरिन । संस्थाका कम्पनी सचिव विनोद कुमार चौधरीद्वारा सञ्चालित कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका ट्रेजरी विभागका प्रमुख कृष्ण शाह, वित्तीय संस्थाका सञ्चालक जगत जंग जीसीलगायतले मन्तव्य व्यक्त गरेका थिए । सभामा ग्रामीण महिला उत्सुकता विकास मञ्चका उपाध्यक्ष कलावती चौधरी, निर्वतमान सञ्चालक कमलसिंह राजवंशी, राजकुमारी चौधरी, संस्थागत तथा व्यक्तिगत सेयर धनीलगायतको उपस्थिति रहेको थियो ।

सभाले वित्तीय संस्थाका अध्यक्ष केशवराज पौडेलद्वारा सञ्चालक समितिको तर्फबाट प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पारित गरेको थियो । उक्त सभाले लेखापरीक्षकको प्रतिवेदनसहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/८२ को नाफा/नोक्सान हिसाब तथा नगदप्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु, लेखापरीक्षण समितिले सिफारिस गरेबमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०८१/८२ को कारोबारको लेखापरीक्षण गर्नका लागि लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने विषयलाई पारित गरेको थियो ।

सभाले संस्थापक समूह र सर्वसाधारण समूहबाट सञ्चालकहरूको निर्वाचन प्रक्रियाबाट चयन गरेको थियो । निर्वाचन अधिकृत प्रेम प्रसाद पोखरेलले व्यक्तिगत संस्थापक सेयर समूहका तर्फबाट भगवती चौधरी, सर्वसाधारण सेयरधनी समूहकातर्फबाट जगत जंग जीसी तथा बोधराज नेपाल, एभरेस्ट बैंकको तर्फबाट विष्णु प्रसाद ज्ञवाली, ग्रामीण महिला उत्सुकता मञ्चको तर्फबाट गोविन्द चौधरी आगामी कार्यकालका लागि सञ्चालक सदस्य पदमा निर्वाचित भएको घोषणा गरेका थिए ।

सभामा विशेष प्रस्तावका रूपमा वित्तीय संस्थाको हाल कायम पुँजी संरचना संस्थापक समूह र सर्वसाधारण समूह सेयर संरचना क्रमशः ७० प्रतिशत र ३० प्रतिशत रहेकामा संस्थापक सेयरधनीको नाममा कायम रहेको संस्थापक सेयरलाई कुल चुक्ता पुँजीको १० प्रतिशत बिन्दुले सर्वसाधारण सेयर परिवर्तन गरी नयाँ सेयर समूह र सर्वसाधारण समूह क्रमशः ६० प्रतिशत र ४० प्रतिशत कायम गर्न स्वीकृत गर्ने प्रस्ताव पारित गरेको थियो । साथै वित्तीय संस्थाको पुँजीवृद्धि योजना, प्रबन्धपत्रका दफा तथा नियमावली संशोधन गर्ने तथा अन्य 'घ' वर्गका लघुवित्तीय संस्थासँग गाम्ने, गामिने तथा प्राप्ति गर्ने लगायतका प्रस्तावसमेत पारित गरिएको थियो ।

सभाका अध्यक्ष केशवराज पौडेलका अनुसार वित्तीय संस्थाले २०८२ पुस मसान्तसम्म ४० जिल्लाका ३८२ स्थानीय निकायका दुई लाख ८४ हजार ५७ विपन्न परिवारमा १५९ शाखा कार्यालयमार्फत वित्तीय सेवा पुऱ्याएको छ । त्यसै गरी हालसम्म १ लाख २३ हजार ऋणी ग्राहक सदस्यसँग २२ अर्ब २४ करोड १२ लाख ३३ हजार रूपैयाँ लगानीमा बाँकी रहेको कर्जा रहेको छ । वित्तीय संस्थाले ग्राहक सदस्यहरूबाट १० अर्ब ७३ करोड ६९ लाख ७६ हजार रूपैयाँ बचत संकलन गरेको छ । संस्थामा ६९५ कर्मचारी कार्यरत छन् भने तीमध्ये ५० प्रतिशत महिला कर्मचारी रहेको र ग्राहक सदस्यहरूलाई स्वरोजगार बनाउन विभिन्न सीपमूलक तालिम प्रदान गर्ने गरिएको छ ।

एनआईसी एसिया बैंकले पायो हकप्रद निष्कासनको लागि पूर्व स्वीकृति



आर्थिक संवाददाता
काठमाडौं, वैशाख २२

नेपाल राष्ट्र बैंकले एनआईसी एसिया बैंकले हकप्रद सेयर निष्कासनको प्रक्रया सुरू गर्न अनुमती दिएको छ । राष्ट्र बैंकले वैशाख १७ गतेको पत्रमार्फत बैंकलाई हाल कायम चुक्ता पुँजी ५० प्रतिशत हकप्रद सेयर निष्कासनको लागि पूर्व स्वीकृति प्रदान गरेको हो ।

बैंकको पुस २० गते बसेको संचालक समितिको बैठकले हकप्रद निष्कासनको प्रस्ताव गरेको थियो । नेपाल राष्ट्र बैंकले स्वीकृति दिएसँगै बैंकलाई हकप्रद निष्कासनको लागि बाटो खुलेको छ । अब बैंकले जेठ १८ गते बोलाएको साधारणसाभाबाट हकप्रद निष्कासनको प्रस्ताव पारित गर्ने छ । त्यसपछि नेपाल धितोपत्र बोर्डले अनुमति दिएपछि बैंकले हकप्रद निष्कासन गर्ने तयारी बैंकले गरेको छ ।

बैंकको चुक्ता हाल चुक्ता पुँजी १४ अर्ब ९१ करोड ७५ लाख रूपैयाँ रहेको छ । बैंकले २:१ को अनुपातमा ५० प्रतिशतले हुन आउने सात अर्ब ४५ करोड ८७ लाखको हकप्रद निष्कासनको प्रस्ताव गरेको हो । हकप्रद सेयर वितरण पश्चात् बैंकको चुक्ता पुँजी २२ अर्ब रूपैयाँ नाघ्ने छ ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ९१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल बैशाख महिना २३ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय वीरेन्द्रनगरबाट तपशिलमा उल्लेखित ऋणीहरुले व्यक्तिगत विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्नै बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

क) कर्जा शिर्षक : व्यावसायिक आवधिक कर्जा

ऋणीको विवरण

नाम : **होटल नाम्दो इन प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : अर्जुन देवकोटा दर्ता नं. : २१९५९१/०७६/०७७
दर्ता गर्ने कार्यालय : कम्पनी रीट्राराको कार्यालय विप्रेशवर, काठमाडौं दर्ता मिति : २०७६/०४/१०
रजिष्टर्ड ठेगाना : सुर्खेत जिल्ला वीरेन्द्रनगर न.पा. वडा नं. १२ स्थायी लेखा नं. : ६०९५७९५८७

अख्तियार प्राप्त व्यक्ति तथा व्यक्तिगत धनजमानीकर्ताको विवरण

तुल्सी प्रसाद उपाध्याय देवकोटाको नाति उमाकान्त देवकोटाको छोरा सुर्खेत जिल्ला वीरेन्द्रनगर न.पा. वडा नं. १२ बस्ने **अर्जुन देवकोटा** (ना.प्र.नं. : ६४९०१७/९५७३३ जारी मिति र जिल्ला : २०६७/०१/०८, सुर्खेत)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) उजल सिंह थापाको नाति टेक बहादुर थापाको छोरा सुर्खेत जिल्ला गढी गा.वि.स. वडा नं. ३ हाल, वीरेन्द्रनगर न.पा. वडा नं. १४ बस्ने **सुनाइल थापा** (ना.प्र.नं. : ६४-०१-७०-०२१३७ जारी मिति र जिल्ला : २०७०/०४/३१, सुर्खेत)

२) हिमलाल बेलवासेको नाति मुक्तिराम बेलवासेको छोरा रुपन्देही जिल्ला रुदुपर गा.वि.स. वडा नं. ३ हाल, कञ्चन गा.पा. वडा नं. ५ बस्ने **सागर बेलवासे** (ना.प्र.नं. : ३७२०३७/४८६०४ जारी मिति र जिल्ला : २०६५/०४/०८, रुपन्देही)

३) प्रेम बहादुर श्रेष्ठको नाति खगेन्द्र श्रेष्ठको छोरा सुर्खेत जिल्ला विद्यापुर गा.वि.स. वडा नं. ७ हाल, वीरेन्द्रनगर न.पा. वडा नं. १२ बस्ने **किरण श्रेष्ठ** (ना.प्र.नं. : ६५१००७/१७२२३ जारी मिति र जिल्ला : २०६८/०४/१८, सुर्खेत)

४) कर्ण बहादुर घर्ती मगरको नाति धर्म बहादुर घर्ती मगरको छोरा सुर्खेत जिल्ला जर्बुटा गा.वि.स. वडा नं. ९ हाल, वीरेन्द्रनगर न.पा. वडा नं. १३ बस्ने **रोशन घर्ती** (ना.प्र.नं. : ६४-०१-६९-०२५१० जारी मिति र जिल्ला : २०६९/०१/२३, सुर्खेत)

५) राम प्रसाद अधिकारीको छोरी मुक्तिराम वेलवासेको बुहारी रेन्द्र प्रसाद वेलवासेको पत्नी रुपन्देही जिल्ला साल्झण्डी गा.वि.स. वडा नं. २ हाल, कञ्चन गा.पा. वडा नं. ५ बस्ने **कमला अधिकारी** (ना.प्र.नं. : ३७३०३५/११०६ जारी मिति र जिल्ला : २०६३/११/०६, रुपन्देही)

६) तुल्सी प्रसाद उपाध्याय देवकोटाको बुहारी उमाकान्त देवकोटाको पत्नी सुर्खेत जिल्ला वीरेन्द्रनगर न.पा. वडा नं. १२ बस्ने **सावित्रा देवकोटा** (ना.प्र.नं. : ७७५ जारी मिति र जिल्ला : २०४६/०९/०९, सुर्खेत)

७) हरी प्रसाद उपाध्यायको नाति तुल्सी प्रसाद उपाध्याय देवकोटाको छोरा दैलेख जिल्ला लाकुरी गाउं पञ्चायत वडा नं. ५ हाल, वीरेन्द्रनगर न.पा. वडा नं. १२ बस्ने **उमाकान्त देवकोटा** (ना.प्र.नं. : २२०५ जारी मिति र जिल्ला : २०४४/१०/२४, दैलेख)

८) देब सिंह थापाको नाति उजल सिंह थापाको छोरा सुर्खेत जिल्ला गढी गाउं पञ्चायत वडा नं. १ हाल, वीरेन्द्रनगर न.पा. वडा नं. १४ बस्ने **टेक बहादुर थापा** (ना.प्र.नं. : ४१११५ जारी मिति र जिल्ला : २०४५/०१/१८, सुर्खेत)

ख) कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा

ऋणीको विवरण

तुल्सी प्रसाद उपाध्याय देवकोटाको नाति उमाकान्त देवकोटाको छोरा सुर्खेत जिल्ला वीरेन्द्रनगर न.पा. वडा नं. १२ बस्ने **अर्जुन देवकोटा** (ना.प्र.नं. : ६४९०१७/९५७३३ जारी मिति र जिल्ला : २०६७/०१/०८, सुर्खेत)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) हरी प्रसाद उपाध्यायको नाति तुल्सी प्रसाद उपाध्याय देवकोटाको छोरा दैलेख जिल्ला लाकुरी गाउं पञ्चायत वडा नं. ५ हाल, वीरेन्द्रनगर न.पा. वडा नं. १२ बस्ने **उमाकान्त देवकोटा** (ना.प्र.नं. : २२०५ जारी मिति र जिल्ला : २०४४/१०/२४, दैलेख)

२) तुल्सी प्रसाद उपाध्याय देवकोटाको बुहारी उमाकान्त देवकोटाको पत्नी सुर्खेत जिल्ला वीरेन्द्रनगर न.पा. वडा नं. १२ बस्ने **सावित्रा देवकोटा** (ना.प्र.नं. : ७७५ जारी मिति र जिल्ला : २०४६/०९/०९, सुर्खेत)

३) महेन्द्र प्रसाद चालिसेको छोरी उमाकान्त देवकोटाको बुहारी अर्जुन देवकोटाको पत्नी सुर्खेत जिल्ला उत्तरगंगा गा.वि.स. वडा नं. ८ हाल, वीरेन्द्रनगर न.पा. वडा नं. १२ बस्ने **पुजा चालिसे** (ना.प्र.नं. : ६४-०१-७०-०५६२२ जारी मिति र जिल्ला : २०७०/१२/२१, सुर्खेत)

यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :

१) मिति २०८१ साल असार महिना २ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पर्णु लिगलगापात समेत ।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (व.मि.)
साबित्रा देवकोटा	सुर्खेत जिल्ला कटुकवा वडा नं. ९	९	४३०१	१५२.००
टेक बहादुर थापा	सुर्खेत जिल्ला गोठीकाइा वडा नं. ५	५च	३८	१६९३.२०
			६०	५१८५.२४
			१०	५४०.२०
			६४	१६९३.२०
उमाकान्त देवकोटा	सुर्खेत जिल्ला जर्बुटा वडा नं. २	२क	१०७७	३०१.०४

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८३ साल जेठ महिना १२ गते मंगलवार भित्र यस बैंकको शाखा कार्यालय वीरेन्द्रनगर आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेस्वा बेस्वै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफूले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७५१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र चिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल जेठ महिना १३ गते बुधवार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय वीरेन्द्रनगरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा हाइन, बैंक जनताका जानु पर्दछ

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, विदुर शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०१/२३ गते)

यस बैकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दाखिल फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल फाल्गुन महिना १२ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभवहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पतिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपीऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.सं.	ऋणीको नाम, थर र ठेगाना :
१.	गोपाल श्रेष्ठको नाति, बसन्त लाल श्रेष्ठको छोरा, नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४ बस्ने **ध्रुव लाल श्रेष्ठ** ।
	व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :
१.	रविन्द्रमान श्रेष्ठको छोरी, ध्रुवलाल श्रेष्ठको श्रीमती, नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४ बस्ने **रजली श्रेष्ठ** ।
	धितो सुरक्षणको विवरण :
१.	**ध्रुव लाल श्रेष्ठ**को नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेस्ता कायम रहेको नुवाकोट जिल्ला, बिदुर न.पा. वडा नं. २ स्थित नक्सा सिट नं. २ को कित्ता नं. २५१६, २५१७ र ४८७२ को ०-३-०-१, ०-३-०-२ र ०-८-१-१ (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चैको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पतीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पतीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय विदुरमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८३ साल जेष्ठ महिना १२ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्न लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८३ साल जेष्ठ महिना १४ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक www.sanimabank.com
अलकापुरी, नक्साल, काठमाण्डौ, नेपाल फोन: +९७७-१-५९७००३३, फ्याक्स: +९७७-१-५५२८९६९, ईमेल: sanima@sanimabank.com